आज मिती २०८१ असोज १८ गते शुक्रबारका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पदम बहादुर बोहरा ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितीमा **नगर कार्यपालिका** आर्थिक वर्ष २०८१/८२ को **चौथो** बैठक बसी देहाय बमोजिमका निर्णयहरु गरीयो ।

## उपस्थिती

| सि.नं | नामथर | पद/दर्जा | कार्यालय/ठेगाना | मोबाईल नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | श्री पदम बहादुर बोहरा | नगर प्रमुख | मंगलसेन न.पा. | ९८६८५२३०५३ | |
| २ | श्री संगिता कुमारी रावल | नगर उपप्रमुख | मंगलसेन न.पा. | ९८६८५४५९०७ | |
| ३ | श्री लोकराज नाथ | वडा अध्यक्ष | मंगलसेन न.पा. १ | ९८५८४८२१०१ | |
| ४ | श्री देवेन्द्र ब. बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. २ | ९८५८४८२१०२ | |
| ५ | श्री बिर्ख बहादुर बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. ३ | ९८४८५२६७१० | |
| ६ | श्री नाम सिंह धामी | वडा अध्यक्ष | मंगलसेन न.पा. ४ | ९८४८६१५३८२ | |
| ७ | श्री झंकर प्रसाद भाट | वडा अध्यक्ष | मंगलसेन न.पा. ५ | ९८६८४९५६२४ | |
| ८ | श्री देवेन्द्र प्रसाद भण्डारी | वडा अध्यक्ष | मंगलसेन न.पा. ६ | ९८५८४८२१०६ | |
| ९ | श्री राज बहादुर शाही | वडा अध्यक्ष | मंगलसेन न.पा. ७ | ९८५८४८२१०७ | |
| १० | श्री ज्ञानेन्द्र ब. बोहरा | वडा अध्यक्ष | मंगलसेन न.पा. ८ | ९८६१५३९८४७ | |
| ११ | श्री पदम ब. बोहरा | वडा अध्यक्ष | मंगलसेन न.पा. ९ | ९८५८४८२१०९ | |
| १२ | श्री जनक ब. कुंवर | वडा अध्यक्ष | मंगलसेन न.पा. १० | ९८५८४८२११० | |
| १३ | श्री नर बहादुर भण्डारी | वडा अध्यक्ष | मंगलसेन न.पा. ११ | ९८६८४४८४४८ | |
| १४ | श्री खगेन्द्र ब. रावल | वडा अध्यक्ष | मंगलसेन न.पा. १२ | ९८५८४८२११२ | |
| १५ | श्री हिक्मत ब. बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. १३ | ९८४८४२९५२५ | |
| १६ | श्री शिव बहादुर सोडारी | वडा अध्यक्ष | मंगलसेन न.पा. १४ | ९८५८४८२११४ | |
| १७ | श्री रेखा रावल | का.पा.स. | म.न.पा. ९ | ९८६४३१६५६४ | |
| १८ | श्री कौशिला ठकुल्ला | सदस्य | म.न.पा. ५ | ९८४८०८३५६९ | |
| १९ | श्री हंश थापा | सदस्य | म.न.पा. १ | ९८४४१६६२१५ | |
| २० | श्री भाना विष्ट | सदस्य | म.न.पा. ३ | ९८४६६९५७०४ | |
| २१ | श्री मनसरा ध्याइत | सदस्य | म.न.पा. ७ | ९७४६५३२८५२ | |
| २२ | श्री प्रेम भुल | सदस्य | म.न.पा. ४ | ९८४८५५००१५ | |
| २३ | श्री मुगा परियार | सदस्य | म.न.पा. १२ | ९८४७५४३३२८ | |
| २४ | श्री गोबिन्द वि.क. | सदस्य | म.न.पा. ११ | ९७४२३७८८७५ | |
| २५ | श्री खकेन्द्र बहादुर सोडारी | सचिव | म.न.पा. | ९८५८४२९१११ | |

२६. विष्णु द. उपाध्याय

२७ सालिग्राम पन्थ

२८ नरेश क. बडायत

**निर्णय नं.१**

अगष्ट २७ देखी सेप्टेम्वर १० तारिख सम्म यूएईमा हुने ASB Asian Junior and school boys And schoolgirls Boxing Championship मा सहभागितको लागी यस नगरपालिका अन्तरगत श्री शोडषा मा.वि. कक्षा ९ का छात्र रोहित जनाला को व्यावस्थापनको लागी रु ५०,००० रकम आर्थिक सहयोग गर्ने ।

**निर्णय नं.२**

मंगलसेन नगरपालिका वडा नं १४ मेलपोथडि प्रहरी चौकि भवन निर्माणका लागी सोही वडा निवासि तपशिल बमोजिमका व्याक्तिहरुले निम्न बमोजिमको कित्ता नं र क्षेत्रफल भएको जग्गा न्युनतम जिल्ला दररेटमा उपलव्ध गराउन चाहनु भएको व्यहोरा सहित वडा कार्यालयबाट निर्णय भइ आएकोले उक्त जग्गा मेलपोथडि प्रहरी चौकिको नाममा नामसारी गरिदिन हुन मालपोत कार्यालय अछामलाई अनुरोध गर्ने निर्णय गरियो ।

| क्र.स. | जग्गा धनिहरु | कि.न. | क्षे.फ. वर्ग कि.मी. |
|---|---|---|---|
| १ | श्री मैपति सोडारी | २५ | ३ रोपनी |
| २ | श्री सुरत बहादुर सोडारी | २८ | १ रोपनी |
| ३ | श्री शेर बहादुर कठायत | २४ | २ रोपनी |

**निर्णय नं.३**

**मर्यादित महिनावारीका लागी छाउगोठ मुक्त अभियान २०८१** पालिका स्तरिय कार्यान्वियन समिती देहाय बमोजिम रहने गरी गठन गरीयो ।

| | |
|---|---|
| श्री संगिता रावल सोडारी | संयोजक |
| श्री खकेन्द्र बहादुर सोडारी | सदस्य |
| श्री वडा अध्यक्ष १-१४ | सदस्य |
| श्री सरीता उपाध्याय अ.म.सं. | सदस्य |
| श्री मञ्जु महत | सदस्य |
| श्री गगन बहादुर बोगटि | सदस्य |
| श्री लक्ष्मि वि.क. फेडो संस्था | सदस्य |
| श्री टेक बहादुर थापा | सदस्य |

**निर्णय नं.४**

यूएनएफपिए, सि.एम.सि नेपाल, साथी सँस्था र नगरपालिकाको साझेदारीमा संचालित लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना दोस्रो चरणको लागी रिक्त रहेका मामला व्यवस्थापक र मनोसामाजिक परामर्शकर्ता पदमा विज्ञापन गर्ने साथै नगरपालिका द्वारा सञ्चालित सेफ हाउसमा भान्से र सुरक्षा गार्डको सेवा निरन्तर दिने निर्णय गरीयो ।

**निर्णय नं.५**

ढुङ्गा गिटि र बालुवा उत्खनन्का सन्दर्भमा नगर क्षेत्रभित्र ठुलो परिमाणमा भण्डारणको संभावना नरहेको तर स-साना स्थानमा स्थानमा केहि ढुङ्गा बालुवा र गिट्टि ससाना निर्माण कार्यमा उपयोग हुने ढुङ्गा बालुवा र गिट्टि उत्खनन कार्यलाई राजश्वको दायरामा ल्याउन प्रदेश आर्थिक ऐन बमोजिमको दररेटमा सोझै राजश्व संकलन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.६**

मंगलसेन नगरपालिका वडा नं १ साविक कुन्तिवण्डालि गाविसको नाममा रहेको कि.न. ४५९ र ४६० को जग्गा धनी प्रमाणपूर्जा द्वन्दकालिक समयमा जलेर नष्ट भएकोले उक्त जग्गा मंगलसेन नगरपालिका वडा नं १ को वडा कार्यालयको नाममा जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराइदिनको लागी मालपोत कार्यालय अछाममलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

वडा नं १० स्थित आधारभुत स्वास्थ्य सेवा केन्द्र जुपुको आफ्नै भवन नभएको र हाल कृषि संकलन केन्द्र को जस्तापाताबाट निर्मित भवनबाट स्वास्थ्य सेवा प्रवाह भइरहेकोले **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय** मा ५ कोठे भवनको निर्माण गर्न आवश्यक रकम विनीयोजनको लागी अनुरोध गर्ने ।

**निर्णय नं.८**

वडा नं १ अन्तरगतका विभिन्न टोल र पालिका केन्द्र जोड्ने सडकहरु अत्याधिक बर्षाका कारण पहिरो गई अवरोध भएकोले दशैंतिहार अगावै अवरुद्द सडकहरु प्राविधिक लागत अनुमानका आधारमा उपभोक्ता मार्फत मर्मत गर्ने सो वापतको रकम नगरका मुख्य सडक मर्मत शिर्षकबाट भुक्तानी गर्ने ।